मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

# प्रदेश वन निर्देशनालय

# जनकपुरधाम, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**अवधिः-२०८२/०४/०१ देखि २०८३/१२/३० सम्म**

## स्वत: प्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको प्रावधान बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम देहायका सम्पादित कार्यहरु सूचीकृत गरी प्रकाशन गरिएको छ ।

यस निर्देशनालयले आफ्नो नियमित विवरण प्रकाशन गर्ने सिलसिलामा आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक सम्ममा सम्पादित कामहरुको विवरण प्रस्तुत गरिएको छ ।

.......................................

(जगन्नाथ प्रसाद जयसवाल)

प्रदेश वन निर्देशक

मितिः २०८३ बैशाख ३ गते

## विषय-सूची


**१. प्रदेश वन निर्देशनालयको स्वरुप र प्रकृति** 3

२. प्रदेश वन निर्देशनालयको **काम, कर्तव्य र अधिकार** 4

३. कर्मचारी संख्या र कार्य विवरण 10

४. प्रदान गरिने सेवा 12

५. महाशाखा/शाखा र जिम्मेवार अधिकारी 12

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि 12

७. निर्णय गर्ने प्रक्रिया र अधिकार 13

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी 13

९. सम्पादन गरेको कामको विवरण 13

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद 14

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची 14

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण 15

१३. तोकिए बमोजिमका अन्य विवरण 15

१४. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण 16

१५. सार्वजनिक निकायको वेभसाईटको विवरण 16

१६. निर्देशनालयले प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण 16

१७. निर्देशनालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन 16

१८. निर्देशनालयले बर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि 17

१९. निर्देशनालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विषय 18

२०. निर्देशनालयमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण 18

## १. प्रदेश वन निर्देशनालयको स्वरुप र प्रकृति

नेपालको संविधान (२०७२) अनुसार ७ प्रदेशहरु मध्ये यो प्रदेश नं. २ को स्थापना वि.सं. २०७२ असोज ०३ गते (सन् २०१५ सेप्टेम्बर २०) मा भएको हो । यस प्रदेशमा पर्सा, बारा, रौतहट, सर्लाही, महोतरी, धनुषा, सिरहा र सप्तरी गरी जम्मा ८ वटा जिल्लाहरु पदर्छन् भने यस प्रदेशको क्षेत्रफल ९६६१ वर्ग कि.मि. अर्थाथ ३७३० वर्ग माइल रहेको छ । यस प्रदेशको कूल जनसंख्या ६११४६०० (राष्ट्रिय जनगणना, २०७८ अनुसार) रहेको छ, जुन सबै भन्दा बढी जनघनत्व भएको प्रदेशको रुपमा चिनिन्छ, यस प्रदेशको जनघनत्व ६३३ प्रति वर्ग किलोमिटिर रहेको छ ।यो प्रदेश जनघनत्वको आधारमा पहिलो स्थानमा छ । मधेश प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको प्रदेश वन निर्देशनालयले वन स्रोतको संरक्षण, व्यवस्थापन र सदुपयोगमा सहयोग तथा कार्यान्वयन गराउने प्रमुख निकाय हो। यसले प्रदेश भित्रका वनस्पति, वन्यजन्तु र जैविक विविधताको संरक्षण तथा वन क्षेत्रको नीतिगत कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्दछ। मधेश प्रदेशको वन स्रोतको संरक्षण, सम्वर्द्धन र दिगो व्यवस्थापनका लागि प्रदेश वन निर्देशनालय एक प्रमुख प्राविधिक निकाय हो। नेपालको सङ्घीय संरचना अनुसार मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयको नीतिगत मार्गदर्शनमा रहेर प्रदेशस्तरमा वन प्रशासन सञ्चालन गर्दछ।

यस निर्देशनालय मातहतमा ८ वटै जिल्लामा डिभिजन वन कार्यालयहरु तथा सिरहा/सप्तरीको लागि सिरहा, लहानमा भू तथा जलाधार व्यवस्थापन कार्यालय, महोतरी/धनुषाको लागि महोतरी, जलेश्वरमा भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहट/सर्लाहीको लागि रौतहट, चन्द्रपुरमा भू तथा जलाधार व्यवस्थापन कार्यालय र पर्सा/बाराको लागि पर्सा, बीरगंजमा भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेका छन्।

नेपालमा वन एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो। देशको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेका कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भ पनि वन क्षेत्र नै हो। देशको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रको विकासमा वनको उल्लेखनीय योगदान रहेको छ। आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार नेपालमा वन क्षेत्रले ६१ लाख ६६ हजार ७ सय ६६ हेक्टर र झाडी बुट्यान क्षेत्रले ५ लाख ३५ हजार १ सय ७९ हेक्टर भू-भाग ओगटेको छ, जसअनुसार कूल भू-भागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कूल  क्षेत्रफलको ४५.३१ प्रतिशत रहेको छ।

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार नेपालको कूल वन क्षेत्र मध्ये मधेश प्रदेशमा सबैभन्दा कम ३.९ प्रतिशत अर्थात २ लाख ३७ हजार ६ सय ३६ हेक्टर वन क्षेत्र रहेको छ। मधेश प्रदेशको कूल क्षेत्रफलको २४.७८ प्रतिशत वन क्षेत्र रहेको छ। मधेश प्रदेश भित्र रहेका ५४९ वटा सामुदायिक वनले ७७८४४.१३ हेक्टर, १७ वटा साझेदारी वनले ४६,१४३.८७ हेक्टर, ४९ वटा गरिब विपन्नका लागि कबुलियती वनले २३७.४० हेक्टर, १२ वटा धार्मिक वनले १३२.८३ हेक्टर, १ वटा वन संरक्षण क्षेत्रले ३६० हेक्टर, १ वटा चक्ला वनले १०५२.९२ हेक्टर, सरकारद्वारा व्यवस्थित वनले ४८९७४.३४ हेक्टर र १०२६ निजी वनले ६८०.७६५ हेक्टर वन ओगटेको छ। यो बाहेक यस प्रदेशमा सागरनाथ वन विकास परियोजनाको वनले १३१६६.१५ हेक्टर र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष क्षेत्रले ८८५४२.९० हेक्टर वन क्षेत्र ओगटेको छ। यस मधेश प्रदेशका १३६ स्थानीय तहहरु मध्ये ८४ वटा स्थानीय तहहरुमा वन क्षेत्र नरहेको अवस्था छ।

## २. प्रदेश वन निर्देशनालयको **काम, कर्तव्य र अधिकार**

यस प्रदेश वन निर्देशनालयले प्रदेशभित्रको वन, वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी कार्यहरूको समन्वय, निर्देशन र व्यवस्थापन गर्दछ। यसको मुख्य काम, कर्तव्य तथा अधिकार निम्न अनुसार छन्ः

1. **वन संरक्षण तथा व्यवस्थापन**
   - प्रदेशभित्रका वनको संरक्षण, सम्वर्द्धन तथा दिगो वन व्यवस्थापन गर्ने।
   - वन अतिक्रमण, अवैध कटानी तथा चोरी निकासी नियन्त्रण गर्ने।
2. **वन नीति तथा योजना कार्यान्वयन**
   - प्रदेश सरकारको वन सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने।
   - वार्षिक तथा दीर्घकालीन वन विकास योजना तयार गर्ने।
3. **वन्यजन्तु तथा जैविक विविधता संरक्षण**
   - वन्यजन्तु, चराचुरुङ्गी तथा जैविक विविधताको संरक्षण गर्ने।
   - मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने।

4. **समुदायिक तथा साझेदारी वन प्रवर्द्धन**

- सामुदायिक वन, कबुलियती वन तथा साझेदारी वन विकासको अनुगमन गर्ने।
- उपभोक्ता समूहलाई प्राविधिक सहयोग प्रदान गर्ने।

5. **वन पैदावार व्यवस्थापन**

- काठ, दाउरा, जडीबुटी तथा अन्य वन पैदावारको व्यवस्थापन र नियमन गर्ने।
- वन पैदावारको संकलन, बिक्री तथा निकासी प्रक्रिया अनुगमन गर्ने।

6. **वातावरण संरक्षण**

- वातावरण संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- भू-क्षय नियन्त्रण तथा हरियाली प्रवर्द्धन गर्ने।

7. **अनुगमन तथा मूल्यांकन**

- मातहतका वन र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूबाट संचालित कार्यहहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने।
- वन सम्बन्धी तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गर्ने।

8. **जनचेतना तथा तालिम**

- वन संरक्षण, जलवायु परिवर्तन तथा निजी वन प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- कर्मचारी तथा उपभोक्ता समूहलाई क्षमता अभिबृद्धि सम्बन्धी तालिम प्रदान गर्ने।

9. **राजस्व संकलन**

- वन पैदावार तथा वन क्षेत्रबाट प्राप्त हुने राजस्व व्यवस्थापन गर्ने।

10. **विपद् व्यवस्थापनमा सहयोग**

- वन डढेलो नियन्त्रण, पहिरो तथा बाढीबाट वन क्षेत्र संरक्षण गर्ने कार्यमा समन्वय गर्ने।

# समृद्धिका लागि वन परियोजनाको परिचय

## परिचय

नेपाल सरकार तथा विश्व बैङ्क बीच भएको सम्झौता अनुसार मधेश तथा लुम्बिनी प्रदेशमा दिगो वन व्यवस्थापन, साना किसानका लागि वृक्षारोपण र वन उद्यमहरुलाई प्रवर्द्धन तथा सहयोग परिचालनको लागि यो परियोजना वन लगानी कार्यक्रम अन्तरगत तर्जुमा भएको हो। यस परियोजना विश्व बैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व बैङ्क बीच मिति सन् २०२१ मार्च १९ मा सम्झौता भई वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैङ्क र विश्व बैङ्कले संयुक्त रुपमा कार्यान्वयन गर्ने परियोजना हो।

यो परियोजना प्रदेशस्तरमा मधेश तथा लुम्बिनी प्रदेशमा लागू भएका छन्। यस परियोजनाको केन्द्रमा परियोजना व्यवस्थापन एकाई, प्रदेशस्तरमा प्रदेश मन्त्रालय अन्तर्गत प्रदेश परियोजना व्यवस्थापन एकाई तथा दुवै प्रदेशमा गरी ५० वटा स्थानीय तहहरुको वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको लागि कार्य गर्नेछ। यसै गरी कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने एकाइको रुपमा कार्य गरिरहेको छ।

यस परियोजनाका लागि विश्व बैङ्कले १८.१ मिलियन डलर अनुदान र १७.९ मिलियन डलर ऋण गरी कूल ३६ मिलियन अमेरिकी डलर उपलब्ध गराएको छ। लगानी गर्दै जाँदा प्रतिफल तथा उपलब्धिको आधारमा थप लगानी हुने संभावना रहेको छ।

## अवधि

यो परियोजना २०७८ साल श्रावण १ गते (सन् २०२१ को जुलाई १६ तारिख) देखि सञ्चालनमा आएको छ। यस आयोजनाको अवधि आ.व. २०७८/०७९ देखि आ.व. २०८२/०८३ सम्म (सन् २०२१ देखि २०२६) सम्म हुनेछ ।

## परियोजनाको लक्ष्य तथा उद्देश्य

यस परियोजनाको समग्र लक्ष्य दिगो वन व्यवस्थापन (Sustainable Forest Management-SFM) मा सुधार गर्ने, वनबाट प्राप्त हुने फाइदाहरु वृद्धि गर्ने र मधेश प्रदेशस्थित छनौट गरिएका स्थानीय तहहरुभित्र बृक्षारोपण मार्फत खुद हरित ग्याँस उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने रहेको छ।

### उद्देश्यहरु

- छोटो र मध्यम अवधिका प्रतिफलहरुले वनको समग्र उत्पादकत्व वृद्धि गर्ने,
- वनमा आधारित साना तथा मझौला उद्यमहरुको विकास तथा सुधारमा योगदान गर्ने र
- तराई भू-परिधि क्षेत्र भित्र उत्सर्जन न्यूनीकरण कार्यक्रमले लक्ष्य राखेको कार्बन उत्सर्जन न्यूनीकरण गर्न योगदान गर्ने।

**परियोजनाको प्रमुख लक्ष्यहरु तथा अपेक्षित उपलब्धिहरु**

यस परियोजनाको उद्देश्य पुरा गर्नको लागि निम्न मुख्य लक्ष्य निर्धारण गरिएको छ।

**परियोजनाको प्रमुख लक्ष्यहरु तथा अपेक्षित उपलब्धि**

| नतिजा सूचकको विवरण | एकाई | लक्ष्य |
|---|---|---|
| १. लक्षित वन र नजिकका समुदायहरुबाट मौद्रिक वा गैह्र मौद्रिक फाइदा प्राप्त गर्ने जनता | संख्या | ११०,००० |
| २. हरित ग्यास उत्सर्जन न्यूनीकरण, | मिलियन मेट्रिक टन, $CO_2e$ | १७.७४ |
| ३. परियोजनाका कार्यान्वयनबाट लाभान्वित सन्तुष्ट वा अति सन्तुष्ट जनताहरु | प्रतिशत | ८० |
| ४ व्यवस्थापन योजना अन्तर्गत ल्याइएको वन क्षेत्र | हेक्टर | १००,००० |

### कार्यान्वयन संरचना तथा खर्च केन्द्रहरु

परियोजनाको कार्यान्वयनको लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालयले नेतृत्व लिएको छ। केन्द्रमा वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय, सम्बन्धित विभा गहरु, कृषि विकास बैङ्क, वन उद्यमीको संस्था, समुदायमा आधारित सहयोगी सञ्जालहरु (वन समूह, निजी वन, आदिवासी जनजाति, महिला आदि) सहितको बहुसरोकारवाला परियोजना निर्देशक समिति र प्रदेशमा वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा बहुसरोकारवाला प्रदेश स्तरीय परियोजना निर्देशक/समन्वय समिति रहेको छ।

कार्यक्रम व्यवस्थापनका लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रमा राष्ट्रिय परियोजना निर्देशकको नेतृत्वमा परियोजना व्यवस्थापन एकाई र प्रदेशमा वन तथा वातावरण मन्त्रालय अन्तरगत प्रदेश वन निर्देशनालयवाट प्रादेशिक परियोजना संयोजकको नेतृत्वमा प्रदेश स्तरीय परियोजना व्यवस्थापन एकाईको व्यवस्था रहेको छ। तल उल्लिखित निकायहरु यस परियोजनासंग प्रत्यक्ष रुपमा जोडिएका छन्।

| सङ्घीय तह | प्रदेश तह |
|---|---|
| रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौ, परियोजना व्यवस्थापन एकाई–१ केन्द्र<br>सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौ<br>कृषि विकास बैङ्क, मुख्य कार्यालय, रामशाहपथ, काठमाडौ | प्रदेश परियोजना व्यवस्थापन एकाई –२ प्रदेश (मधेश तथा लुम्बिनी) ।<br>डिभिजन वन कार्यालयहरु २२ वटा ।<br>स्थानीय तह<br>कार्यान्वयन फोकल एकाई ५० वटा स्थानीय तहहरु वन तथा वातावरण क्षेत्र हेर्ने शाखा |

## कार्य क्षेत्र

यो परियोजनाको कार्य क्षेत्र खास गरी दिगो वन व्यवस्थापन र वन उद्यम विकास तथा प्रवर्द्धनको कार्यहरू मधेश प्रदेश र लुम्बिनी प्रदेश भित्रका सम्पूर्ण क्षेत्रमा कार्यान्वयन भैरहेको छ भने स्थानीय तह मार्फत कार्यान्वयन हुने कार्यक्रम खास गरी निजी वन विकास तथा व्यवस्थापन र सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापनका कार्यहरू हाललाई मधेश र लुम्बिनी प्रदेशमा २५/२५ वटा स्थानीय तहहरु गरी ५० वटा स्थानीय तहमा काम गर्ने गरी कार्य क्षेत्र रहेको छ। यो परियोजनाको कार्यक्षेत्र मधेश प्रदेश र लुम्बिनी प्रदेशका हाललाई प्रत्येक प्रदेशमा २५ वटा स्थानीय तहहरु गरी ५० वटा स्थानीय तहमा परियोजना कार्यान्वयन भैरहेका छन्। मधेश प्रदेशका ८ वटा र लुम्बिनी प्रदेशका १० जिल्लाका २५ वटा स्थानीय तहहरु रहेका छन्।

**समृद्धिको लागि वन परियोजना लागू भएका स्थानीय तहहरु**

| प्रदेश | जिल्लाहरु | स्थानीय तहहरु |
|---|---|---|
| मधेश प्रदेश | ससरी | हनुमाननगर कङ्कालिनी, तिरहुत, महादेवा |
| | सिरहा | नवराजपुर, औरही, बरियारपट्टी |
| | धनुषा | जनकपुरधाम, मिथिला बिहारी, लक्ष्मिनीया |
| | महोतरी | जलेश्वर, बर्दिबास, एकडारा |
| | सर्लाही | पर्सा, ब्रम्हपुरी, हरिपुर्वा, हरिवन |
| | रौतहट | दुर्गा भगवती, राजदेवी, माधव नारायण |
| | बारा | पचरौता, देवताल, सुवर्ण |
| | पर्सा | बीरगञ्ज, जगरनाथपुर, पटेर्वा सुगौल् |

## परियोजना कार्यान्वयन निकाय र विधि

यो परियोजना सञ्चालनका लागि जिल्लाहरुमा रहेका प्रदेश स्तरका वन क्षेत्रका कार्यालयहरु डिभिजन वन कार्यालयहरु तथा सब डिभिजन वन कार्यालयहरु लगायतको भूमिका तथा प्राविधिक सहयोग यस परियोजनाको मुख्य ज्ञान तथा प्रविधिको स्रोत रहेको छ। धेरै प्राविधिक ज्ञानको आबश्यक पर्ने नर्सरी, विरुवा उत्पादन, दिगो वन व्यवस्थापन तथा वृक्षारोपण लगायतका क्रियाकलापहरुका लागि प्राविधिक व्यवस्थापन यी कार्यालयहरुबाट गर्ने प्रावधान रहेको छ।

त्यसैगरी, परियोजना कार्यान्वयनका लागि परियोजना सञ्चालन निर्देशिका २०८० (संशोधित), वृक्षारोपण अनुदान निर्देशिका २०७९(संशोधित), समुदायमा आधारित वन व्यवस्थापन अनुदान निर्देशिका २०७९ (संशोधित), वातावरणीय तथा सामाजिक प्रतिवद्धता सम्बन्धी योजना र वातावरणीय तथा सामाजिक व्यवस्थापनको खाका आदि प्रमुख दस्तावेजहरू रहेका छन्। त्यसैगरी समुदायमा आधारित वन व्यवस्थापन समूहहरु, निजी कृषकहरू तथा वन पैदावारमा आधारित उद्यमीहरूलाई ऋण परिचालन मार्फत वनको दिगो वन व्यवस्थापन योजना कार्यान्वयन, निजी तथा सार्वजनिक जग्गामा वन विकास, तथा वन पैदावारमा आधारित उद्यमहरुको सुधार तथा विकास लगायातका कार्यहरू कार्यान्वयन हुने गरी व्यवस्था गरिएको छ ।

## परियोजनाका प्रमुख क्रियाकलापहरु तथा संभागहरु

**१. दिगो वन व्यवस्थापनका लागि नयाँ सरकारी संरचना र प्रक्रियाहरूको लागि नीति र क्षमता विकास**

**२. समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानका लागि वृक्षारोपण**

क. दिगो वन व्यवस्थापन,

ख. समुदायका विपन्न समुदायहरुलाई वनक्षेत्र विनियोजन तथा सहायता,

ग. साना किसानका लागि निजी वृक्षारोपण र

घ. सार्वजनिक जग्गाहरुमा वृक्षारोपण तथा कृषि वन विकास।

**३. वन उद्यमहरुको सुधार तथा विकास**

**क.** वनमा आधारित निजीक्षेत्रका लागि अनुकूल वातावरण तयार गर्न कार्यक्रमहरु र

**ख.** वनमा आधारित साना तथा मझौला उद्यमहरु स्थापना तथा सुधारका लागि ऋण प्रवाह

**४. परियोजनाको सुशासन, अनुगमन तथा सिकाई**

## ३. कर्मचारी संख्या र कार्य विवरण

यस मन्त्रालयको स्वीकृत दरवन्दीको विवरण र कार्य विभाजन निम्न बमोजिम रहेको छ।

**स्वीकृत दरबन्दी संरचना**

| सि.नं. | पद नाम | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश वन निर्देशक (रा.प.प्रथम प्रा., वन, ज.फ.) | १ | १ | ० | |
| २ | वन सं/व्य अधिकृत (रा.प.द्धितिय,वन, ज.फ.) | ३ | ३ | ० | २ जना काजमा रहेको |
| ३ | वरिष्ठ बाली विकास अधिकृत (रा.प.द्धितिय, कृषि एग्रोनोमी) | १ | ० | १ | |
| ४ | शाखा अधिकृत (सातौ/आठौ) | १ | ० | १ | |
| ५ | वन अधिकृत (सातौ/आठौ) वन, ज.फ. | ३ | ३ | ० | |
| ६ | जलाधार व्यवस्थापन अधिकृत (सातौ/आठौ) वन, स्वायल | १ | ० | १ | |
| ७ | रेन्जर (पाँचौ/छैठौ) | ३ | १ | २ | |
| ८ | भू-संरक्षण सहायक (पाँचौ/छैठौ) वन, स्वा एण्ड वा.क. | १ | १ | ० | |
| ९ | नायव सुब्बा (पाँचौ/छैठौ) | १ | १ | ० | |
| १० | लेखापाल (पाँचौ/छैठौ) | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर (रा.प.अनं.प्र.) | १ | १ | ० | संघीय दरबन्दीमा रहेको स.क.अ काजमा रहेको। |
| १२ | फरेष्टर | २ | २ | ० | |
| १३ | खरिदार | १ | १ | ० | |
| १४ | वन रक्षक | २ | १ | १ | |
| १५ | ह.स.चा. | २ | २ | ० | सेवा करार |
| १६ | का.स. | ४ | ३ | १ | सेवा करार |
| | जम्मा | २८ | २१ | ७ | |

# कार्यरत कर्मचारीहरुको नामावली

| क्र.सं. | कर्मचारी संकेत नं | नाम, थर | पद | श्रेणी/तह | सेवा, समूह, उपसमूह | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १४०९३५ | श्री जगन्नाथ प्रसाद जयसवाल | प्रदेश वन निर्देशक | अधिकृत स्तर(एघारौं) | वन, जनरल फरेष्ट्री | ९८५४०२१०७२ | |
| २ | १३२९७२ | श्री बेचन चौधरी | वन सं/व्य अधिकृत | अधिकृत स्तर(नवौं) | वन, जनरल फरेष्ट्री | ९८४४६५११२६ | डि.व.का. सिरहा काजमा रहेको |
| ३ | १८४३७९ | श्री मनोज ठाकुर | वन सं/व्य अधिकृत | अधिकृत स्तर (नवौं) | वन, जनरल फरेष्ट्री | ९८५४०२९२०८ | |
| ४ | १२६८५७ | श्री राम बाबु यादव | वन सं/व्य अधिकृत | अधिकृत स्तर (नवौं) | वन, जनरल फरेष्ट्री | ९८५४०२९२०८ | वन अनु. तथा प्र.के. काजमा रहेको |
| ५ | १५४६४६ | श्री लाल बाबु यादव | वन अधिकृत | अधिकृत स्तर (आठौं) | वन, जनरल फरेष्ट्री | ९८५२८३५७४८ | |
| ६ | २०४१७५ | श्री सजन चौधरी | वन अधिकृत | अधिकृत स्तर (आठौं) | वन, जनरल फरेष्ट्री | ९८५१२१७९७० | |
| ७ | १९३५२८ | श्री प्रेम कुमार महतो | वन अधिकृत | अधिकृत स्तर (आठौं) | वन, जनरल फरेष्ट्री | ९८१०२८८२३७ | |
| ८ | १९३९०९ | श्री शिव शंकर झा | वन अधिकृत | अधिकृत स्तर (छैठौं) | वन, जनरल फरेष्ट्री | ९८५४०७८५५६ | |
| ९ | १९९९२२ | श्री पशुपति महतो | लेखा अधिकृत | अधिकृत स्तर (छैठौं) | सा.प्र, लेखा | ९८४४११४९८६ | |
| १० | २४९८२९ | श्री सोनी दास | भू.सं.सहायक | सहायक पाँचौ | वन, जनरल फरेष्ट्री | ९८६०३८०२०५ | |
| ११ | २५१०४० | श्री अनिल कुमार यादव | नायव सुब्बा | सहायक पाँचौ | सा.प्र, प्रशासन | ९८५४०७८५५४ | |
| १२ | २२८०१८ | श्री राम प्रगास यादव | फरेष्टर | सहायक चौथो | वन, जनरल फरेष्ट्री | ९८६४०२३९७६ | |
| १३ | २२९७९३ | श्री रुपेश कुमार यादव | खरिदार | सहायक चौथो | प्रशासन | ९८०४८०३४७६ | |
| १४ | २४६९६० | श्री ज्योती कुमारी ठाकुर | स.क.अ. | रा.प.अनं.द्धितिय | विविध | ९८१२०७०३५३ | |
| १५ | २२८९९३ | श्री उमेश कुमार महतो | वन रक्षक | सहायक तेश्रो | वन, जनरल फरेष्ट्री | ९८०९६९८२०० | |
| १६ | | श्री मोद नारायण मिश्र | ह.स.चा. | | | ९८४४०३०५४४ | करार |
| १७ | | श्री देव शरण साह | ह.स.चा. | | | ९७६६३२५२६५ | करार |
| १८ | | राम बाबु चौधरी | का.स. | | | ९८१०३०८३१६ | करार |
| १९ | | श्री राकेश कुमार कर्ण | का.स. | | | ९८१९६२५०५२ | करार |
| २० | | श्री सोनु ठाकुर लोहार | का.स. | | | ९८४५८५४३५७ | ज्यालादारी |

## ४. प्रदान गरिने सेवा

मधेश प्रदेश सरकार, वन वन तथा वातावरण मन्त्रालय मातहत रहने निकायहरूको बिस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार यस वन निर्देशनालयबाट प्रदान गरिने सेवाहरू देहाय बमोजिम रहेका छन्।

- साझेदारी वनको वन व्यवस्थापन कार्ययोजना स्वीकृति कार्य,
- जिल्ला वन पैदावार आपूर्ति समितिको कार्ययोजना स्वीकृति कार्य,
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण कार्य,
- रुख कटान प्रकृयामा तोकिएको कार्यहरु,
- डि.व.का. हरुले गरेको २५ लाख रूपियाँ भन्दा बढी सकार मूल्य भएको वन पैदावारको लिलाम विक्री सदर वा स्वीकृतीको कार्य,
- बिभिन्न प्रकारको वन र जैविक विविधता सम्बन्धी उजुरीहरू छानविन कार्य,
- वातावरणीय अध्ययन प्रतिवेदन सिफारिस कार्य, .
- विपदजन्य कारणले क्षति हुन पुगेको वन पैदावार संकलनको सिफारिस कार्य,
- वन र वातावरण सम्बन्धी तथ्यांक संकलन र प्रवाह कार्य,
- अन्य प्रयोजनका लागि उपलब्ध गराइने वन क्षेत्र सम्बन्धी कार्य,
- मातहतका कार्यालयहरुबाट सम्पादित कार्यक्रमहरुको अनुगमन निरीक्षण गरी पृष्ठपोषण कार्य,
- आवश्यकतानुसारको सुझाव तथा निर्देशन दिने।

## ५. महाशाखा/शाखा र जिम्मेवार अधिकारी

(संगठन तालिका बमोजिमका शाखा र जिम्मेवारी)

सेवा प्रदानको लागि सम्बन्धित शाखा प्रमुख जिम्मेबार हुने। समयमा काम हुन नसकेमा निर्देशनालयका प्रदेश वन निर्देशकसँग सम्पर्क राख्ने व्यवस्था भएको।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

(सेवाको किसिम अनुसारको दस्तुर र समयावधि)

जनतासंग प्रत्यक्ष सरोकार नहुने, अनुगमन तथा मूल्याङ्कनको कार्य भएकोले दस्तुर नलाग्ने। साथै नीति निर्माण तथा अनुगमनको कार्य भएकोले अविधि नतोकिएको। सूचना माग गर्न आएमा नियमानुसार दस्तुर लाग्ने भएमा मात्र दस्तुर लाग्नेछ। अरुको हकमा नियमानुसार हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

(कार्य चरण/कार्य प्रवाह तालिका र निर्णयकर्ताको सूची)

यस निर्देशनालयको कार्य क्षेत्र भित्र रहेका विभिन्न काम कारवाही नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६४ मा व्यवस्था भए अनुसार निर्णय हुने गरेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरेका सूचना सम्बन्धकमा सूचनाको हक सम्बन्धी ऐन, २०८४ को ७ बमोजिम हुनेछ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

(उजुरी/पुनरावेदनको प्रक्रिया र पदाधिकारी)

यस निर्देशनालयमा परेका उजुरीहरुको निर्णय, आईपरेको उजुर बाजुर उपर सुनुवाई हुने गरेको छ। चित नबुझेको अवस्थामा प्रदेश वन निर्देशक समक्ष उजुरी गर्न सकिनेछ।

## ९. सम्पादन गरेको कामको विवरण

(अपेक्षित काम र परिमाण)

- चालु आ.व.को स्वीकृत मधेश प्रदेश सरकार, जलवायु चुरे उत्थानशिल कार्यक्रम, समृद्धिका लागि वन कार्यक्रम र राष्ट्रिय वन विकास कार्यक्रम संचालन,
- वन्यजन्तुबाट भएको क्षति राहत वितरण,
- योजना तर्जुमा गोष्ठी, त्रैमासिक तथा वार्षिक प्रगति समिक्षा गोष्ठी, तालिम, गोष्ठी संचालन
- स्थानीय तह, डिभिजन वन कार्यालय तथा वन प्राविधिकहरुलाई ज्ञान, शिप तथा जनचेतना सम्बन्धी तालिम गोष्ठी संचालन,
- विभिन्न दिवस समारोह भव्यताका सम्पन्न
- ऐन, नियम, निर्देशिका तयारी कार्यमा मन्त्रालयलाई प्राविधिक सहयोग,
- मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम तयारीमा सहयोग,
- छपान भएका रुखहरुको चेकजाँच, घाटगद्दि चेकजाँच तथा प्लट क्लियरेन्स सम्बन्धी कार्य,
- विभिन्न उजुरीको छानवीन कार्य,
- मातहतका कार्यालयहरुबाट सम्पादित कार्यक्रमहरुको अनुगमन निरीक्षण गरी पृष्ठपोषण कार्य,
- आवश्यकतानुसारको सुझाव तथा निर्देशन दिने,
- पर्सा, बारा र सर्लाहीको ७ (सात) वटा साझेदारी वन व्यवस्थापन कार्ययोजना स्वीकृती,
- ८ वटै जिल्लाको जिल्ला वन पैदावार आपूर्ति समितिको आ.व. २०८२/०८३ को कार्ययोजना स्वीकृत,

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

(नाम, पद, सम्पर्क नम्बर र फोटो)

| प्रमुखको नाम र पदः | सूचना अधिकारीको नाम र पदः |
| --- | --- |
| जगन्नाथ प्रसाद जयसवाल<br>प्रदेश वन निर्देशक<br>मोबाईल नम्बरः ९८५४०२१०७२<br> | लाल बाबु यादव<br>वन अधिकृत<br>मोबाईल नम्बरः ९८५२८३५७४८<br> |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

(सम्बद्ध ऐन कानूनको सूची)

- प्रदेश वन ऐन, २०७७
- प्रदेश वन नियमावली २०८१
- कार्यक्रम संचालन तथा कार्यान्वयन निर्देशिका, २०७५/०७६, २०७६/०७७, २०७७/०७८, २०७८/०७९, २०७९/०८०, २०८०/०८१, २०८१/०८२, २०८२/०८३
- सार्वजनिक निर्माण र परामर्श सेवा कार्यका लागि कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९
- जिल्ला वन पैदावार आपूर्तिको निर्देशिका (कार्यविधि), २०७९
- दिगो वन व्यवस्थापन कार्यविधि, २०८१
- वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना, २०८१
- वन क्षेत्रको जग्गा सुकुम्वासीलाई वितरणमा रोक लगाउने नीतिगत निर्णय
- स्वतःप्रकाशन

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**मधेश प्रदेश सरकार तर्फ (मातहतका निकायहरु समेतको)**

आ.व. २०८२/०८३ कुल विनियोजित बजेट (चालु तथा पूँजीगत) रु. ४,०७,१२,०००/

आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक सम्मको खर्च (चालु तथा पुँजीगत) रु. १,३९,९२,०००/

| क्र.सं. | कार्यालयको नाम | जिल्ला | वार्षिक बजेट | | | हालसम्मको प्रगति | | | वितीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | |
| १ | प्रदेश वन निर्देशनालय, जनकपुरधाम | **धनुषा** | ७५।२० | ३३१।९२ | ४०७।१२ | ०।०० | १३९।९२ | १३९।९२ | ३४।३७ |

तेस्रो त्रैमासिक सम्मको प्रगति विवरणः वित्तिय प्रगति ३४.३७ प्रतिशत।

### संघीय शर्शत अनुदान तर्फ

आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिकसम्मको प्रगति विवरण

जलवायु चुरे उत्थानशिल चुरे कार्यक्रम

| क्र.सं. | कार्यालयको नाम | जिल्ला | वार्षिक बजेट | | | हालसम्मको प्रगति | | | वितीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | |
| १ | प्रदेश वन निर्देशनालय, जनकपुरधाम | **धनुषा** | | ४।०० | ४।०० | | ०।०० | ०।०० | ०।०० |

समृद्धिका लागि वन कार्यक्रम

| क्र.सं. | कार्यालयको नाम | जिल्ला | वार्षिक बजेट | | | हालसम्मको प्रगति | | | वितीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | |
| १ | प्रदेश वन निर्देशनालय, जनकपुरधाम | **धनुषा** | ८१।०० | ३८५।४४ | ४६६।४४ | ४।८६ | १४२।५० | १४७।३६ | ३१।५९ |

राष्ट्रिय वन विकास कार्यक्रम

| क्र.सं. | कार्यालयको नाम | जिल्ला | वार्षिक बजेट | | | हालसम्मको प्रगति | | | वितीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | |
| १ | प्रदेश वन निर्देशनालय, जनकपुरधाम | **धनुषा** | ५०।५ | | ५०।५० | | ३६।०५ | ३६।०५ | ७१।३९ |

## १३. तोकिए बमोजिमका अन्य विवरण

विभिन्न अनुसन्धनात्मक कार्यको कार्यान्वयन गरेको।

## १४. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण

(गत वर्षमा सञ्चालित कार्यक्रम)

क.मधेश प्रदेश सरकार तर्फ

ख.समृद्धिका लागि वन कार्यक्रम

ग.राष्ट्रिय वन विकास कार्यक्रम

## १५. सार्वजनिक निकायको वेभसाईटको विवरण

(वेभसाईट सम्बन्धी विवरण)

यस मन्त्रालयको वेभसाईट www. pfdir.madhesh.gov.np रहेको छ।

## १६. निर्देशनालयले प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

(दाता र कार्यक्रम अनुसारको विवरण)

समृद्धिका लागि वन कार्यक्रम

| क.सं. | कार्यालयको नाम | जिल्ला | वार्षिक बजेट | | | हालसम्मको प्रगति | | | वितीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | |
| १ | प्रदेश वन निर्देशनालय, जनकपुरधाम | **धनुषा** | ८१।०० | ३८५।४४ | ४६६।४४ | ४।८६ | १४२।५० | १४७।३६ | ३१।५९ |

## १७. निर्देशनालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

मधेश प्रदेश सरकार तर्फ

| क.सं. | कार्यालयको नाम | जिल्ला | वार्षिक बजेट | | | हालसम्मको प्रगति | | | वितीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | पूँजीगत वजेट रु | चालु वजेट रु | जम्मा वजेट | |
| १ | योगदानमा आधारित वीमा | 21213 | महिना | २० | ०।२४ | ०।९६ | २० | ०।२४ | ०।४८८ |
| २ | सरोकारवालाहरुसँग समन्वय बैठक | 22522 | वटा | ३ | ०।५५ | २।२५ | ३ | ०।५५ | २।२५ |
| ३ | प्रगती समीक्षा गोष्ठी | 22522 | वटा | २ | १।२३ | ५ | २ | १।२३ | १।८३९८ |

## राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान)

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष्य | | | हालसम्मको प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| 7.2.8.2 | वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण | 31157 | पटक | 0 | १00 | ५0।५0 | 0 | 0 | ३६।0५७ | |

## समृद्धिका लागि वन कार्यक्रम (संघ शसर्त अनुदान)

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष्य | | | हालसम्मको प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | टिम बिल्डिंग वर्कशप | 22522 | पटक | 0 | २।१ | १0 | 0 | २।१४ | ५।२४५२५ | |
| २ | समृद्धिका लागि वन परियोजनाका वन प्राविधिक/फोकल पर्सनहरुलाई कार्यक्रम कार्यान्वयन तथा वन ऐन, नियम र नीति सम्बन्धी अभिमुखिकरण गोष्ठी /तालिम | 22522 | पटक | 0 | १।३ | ६ | 0 | १।२९ | ४ | |
| ३ | वन तथा वातावरणसंग सम्बन्धित सरोकारवालाहरु र उद्यमीहरुसंगको अन्तरक्रिया गोष्ठी | 22522 | पटक | 0 | १।३ | ६ | 0 | १।२९ | ३।२ | |
| ४ | अभिलेख व्यवस्थापन तथा अनुगमन मुल्यांकन सम्बन्धि कार्यशाला गोष्ठी | 22522 | पटक | 0 | १।५ | ७ | 0 | १।५ | ६।९६७ | |
| ५ | अध्ययन तथा अवलोकन भ्रमण | 22522 | पटक | 0 | २।१ | १0 | 0 | २।१४ | ६।३५९५ | |
| ६ | सरोकारवालाहरुसंग समन्वय छलफल तथा बैठक | 22522 | पटक | 0 | 0।४ | २ | 0 | 0।४३ | 0।४७५ | |
| ७ | वन सम्बन्धि प्रचार प्रसार सामग्री छपाई तथा बितरण | 22315 | पटक | 0 | २।१ | १0 | 0 | २।१४ | 0।९८८७५ | |
| ८ | अन्तर प्रदेश अवलोकन अध्ययन भ्रमण | 22522 | पटक | 0 | २।१ | १0 | 0 | २।१४ | ८।५७४७ | |

## १८. निर्देशनालयले बर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

सूचनाको बर्गिकरण हुन बाँकी रहेको।

## १९. निर्देशनालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विषय

यस मन्त्रालयमा सूचना माग सम्बन्धी निवेदन पर्नासाथ नियमानुसारको प्रकृया पुरा गरी सूचना उपलब्ध गराउने गरेको छ र अन्यमा माग गरे बमोजिमको विषयमा सम्बोधन गरिएको छ।

## २०. निर्देशनालयमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

आवश्यकता अनुसार विभिन्न पत्रपत्रिकाहरु, निर्देशनालयको फेसबुक पेज र वेभसाईटमा सूचना प्रकाशन तथा जनचेतनामूलक सामग्री प्रकाशन हुने गरेको छ।